# नेपाल नं. ६ (रातो) ट्युववेल तथा जगेडा पार्टपुर्जासम्बन्धी जानकारीहरू

**के तपाईंलाई थाहा छ ?**

*विश्वमा हुने करिव ८० प्रतिशत रोगब्याधि तथा बिमारीहरूको कारण अपर्याप्त सरसफाइ र फोहोर पानी हो ।*

*संसारभरिका सबै मानिसलाई सफा खानेपानी उपलब्ध गराउने हो भने झाडापखालाजन्य रोगहरूमा कमी आई विश्वव्यापी रुपमा बालमृत्यदरलाई आधा कम गर्न सकिन्छ ।*

*- विश्व स्वास्थ्य सङ्गठन, मार्च २००४*

*श्री ५ को सरकारले वि.सं. २०७३ सम्ममा सबै नेपालीलाई स्वच्छ खानेपानी र सरसफाइको सुविधा उपलब्ध गराउने लक्ष्य लिएको छ । निर्माण भएका खानेपानी आयोजनाहरूको उचित मर्मत सम्भार भई तिनको दिगोपन सुनिश्चित भएमा मात्र नयाँ आयोजनाहरूमा लगानी गर्न संभव हुन्छ र तोकिएको समयमा सो लक्ष्य प्राप्ति हुन सक्छ । त्यसैले खानेपानी आयोजना (ट्युववेल) हरूको नियमित निरीक्षण गरी ग्रिजिङ गर्ने, पाटपुर्जा सफा गर्ने, खिइएको तथा काम नलाग्ने सरसामान फेरबदल गर्नेजस्ता साधारण कार्य गरिराखेमा हत्तपत्त ट्युववेल बिग्रिंदैन ।*

## भूमिगत पानी प्राप्त गर्ने उपयुक्त माध्यम : ट्युववेल

तराइ क्षेत्रमा पानीको स्रोत भनेको जमिन मुनिको पानी हो । यस्तो पानी सामान्यतया सफा र पिउन योग्य हुन्छ । जमिनको सतहमा रहेको पानी नै जमिनको विभिन्न तहबाट छानिएर जमिन मुनि भण्डार भएको हुन्छ । तर जमिनमा भएका विभिन्न धातु, रासायनिक तथा जैविक पदार्थले पानीलाई दूषित बनाउन पनि सक्छन् । जस्तै : आर्सेनिक, आइरन (फलाम) को मात्रा आदि । कतिपय ठाउँको पानीमा आर्सेनिक र आइरनको मात्रा मानिसको स्वास्थ्यलाई असर पुऱ्याउने गरी पाइएकाले त्यस्ता हानिकारक तत्व नभएको पानी मात्र प्रयोग गर्नुपर्छ ।




त्यस्तै मानिस तथा गाइवस्तुको मलमूत्र, खेतबारीमा हालिएको रासायनिक मल, कीटनाशक औषधीजस्ता मानवीय गतिविधिबाट पनि जमिन मुनि रहेको पानी दूषित हुन्छ । मानिसले प्रयोग गरेर खेर गएको ठोस पदार्थ तथा खेर गएको पानीले पनि जमिन मुनिको पानीलाई दूषित बनाउँछ र त्यस्तो पानी खाएमा मानिसलाई रोग लाग्दछ । त्यसैले जमिन मुनिको पानी स्वच्छ राख्नु पर्दछ ।

ट्युववेल जमिन मुनिको (भूमिगत) पानी सजिलो गरी प्राप्त गर्ने एक महत्त्वपूर्ण माध्यम हो । ट्युववेल प्रयोग गर्न सजिलो हुन्छ र यसको प्रयोगबाट पानी स्वच्छ रूपमा सतहसम्म आइपुग्छ । ट्युववेलमा पानी तान्नका लागि विभिन्न सरसामान जडान गरिएका हुन्छन् । मर्मत सम्भार नगरी ट्युववेल चलाउँदा कहिलेकाहीं ती सरसामान बिग्रिन सक्छन् अथवा राम्ररी काम गर्न छाड्छन् । त्यसैले एकपटक ट्युववेल जडान भयो भनेर ढुक्क भएर नबसी नियमित रूपमा ट्युववेल मर्मतसम्भार गर्नुपर्दछ ।

## कस्तो अवस्थामा ट्युववेलको पानी दूषित हुन्छ ?

- ट्युववेलको प्लेटफर्म नभएमा,
- ट्युववेलको प्लेटफर्मको कंक्रिट ढलान भत्केमा वा चर्केमा,
- हेडकभर फूटेमा वा नटबोल्ट नभएमा,
- ट्युववेलको प्लेटफर्मबाट दूषित पानी बग्ने नाला नभएमा,
- ट्युववेलको नजिकै चर्पी अग्लो स्थानमा भएमा,
- प्लेटफर्मको चारैतिर माटो नभरिएको, खाडल भएको र पानी जमेको भएमा,
- ट्युववेलको वरपर कुनै प्रदूषित पोखरी, फोहोर पानी जम्ने खाडल वा अन्य फोहोर वस्तुहरू फ्याँकिएको भएमा,
- ट्युववेलको वरिपरि वा छेउमा गाईवस्तु, बङ्गुर आदिको दिसापिसाब भएमा वा अन्ततिरको निकास ट्युववेलको वरिपरि भएमा ।

यस्तो अवस्था आउन नदिन तथा आइहालेमा यसको निराकरण गर्न मर्मतसम्भार कार्यकर्ता तथा उपभोक्ताहरू सधैं तत्पर रहनु पर्दछ ।

## ट्युववेलको पानी कसरी सफा राख्ने ?

- ट्युववेलमा कम्तिमा वर्षको दुई पटक ब्लिचिङ पाउडर राखी कीटाणुरहित बनाऔं,
- ट्युववेलको पानीको आर्सेनिक परीक्षण गराई पानी खानयोग्य भएमा मात्र खानका लागि प्रयोग गरौं,
- आर्सेनिकको मात्रा हटाउनका लागि कञ्चन फिल्टर प्रयोग गरौं, थप जानकारीका लागि वातावरण र जनस्वास्थ्य संस्था (एन्फो) फोन नं. ०१-४४९३१८८ मा सम्पर्क गरौं,
- ट्युववेलको प्लेटफर्म सफा राखी त्यसको वरपर पानी जम्न नदिऔं,
- पानी निकासका लागि नाला बनाई खेर गएको पानीलाई करेसाबारीमा प्रयोग गरौं,
- करेसाबारी नभएमा खेर गएको पानी सोस्ने खाडल (सोकपिट) बनाई प्रयोग गरौं,
- ट्युववेलको वरिपरि माटोले टम्म मिलाएर पुरौं ।

## आयोजनाको दिगोपनाका लागि ध्यान दिनुपर्ने कुराहरू

- खानेपानी आयोजनाको दीर्घकालीन सफलताका लागि मर्मत सम्भार सबैभन्दा महत्त्वपूर्ण पक्ष हो,
- खानेपानी आयोजना निर्माण गर्नुभन्दा प्रभावकारी मर्मत सम्भार प्रणाली स्थापना गर्न उपभोक्ताहरूलाई मद्दत गर्नु आवश्यक छ,
- खानेपानी आयोजना सञ्चालनमा संलग्न संस्थाहरूले आफूले निर्माण गरेका आयोजनाहरूले काम गरिरहेका छन् छैनन् भन्ने बुझ्नु आवश्यक छ,
- खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन गर्ने संस्थाहरूमा आयोजनाको मर्मत सम्भार हेर्ने अनुभवप्राप्त कर्मचारीहरू हुनु आवश्यक छ,
- खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्यरत सबै संघ संस्थाहरूले आयोजनामा मर्मत प्रणालीलाई समावेश गरी उपभोक्ताहरूलाई मर्मतसम्भारसम्बन्धी उचित ज्ञान र सीप प्रदान गर्नु आवश्यक छ ।



कहिलेकाहीं बेस प्लेट माथिको जिब्री वरिपरि वा सानो बोल्ट वरिपरि बालुवा परे वा अड्केमा वा हावा गएमा ट्युववेल सुक्न सक्छ ।

### यस्तो भएमा के गर्ने ?



जिब्रीको वरिपरि भएको फोहोर झिकी सफा गर्ने तथा सानो बोल्ट र नट पूरा कस्ने, जिब्री प्वाल परे अर्को नयाँ जिब्री फेर्ने





यसमा समावेश गरिएका सबै रेखाचित्रहरू युनिसेफ नेपालद्वारा प्रकाशित तुरुन्तै सचित्रबाट लिइएका हुन्

सफा गरेपछि वा नयाँ जिब्री फेरेपछि तलका चारवटै बोल्टहरूलाई बराबर हिसाबले कस्नुपर्छ र हावा रोकिएको छ/छैन हेर्नुपर्छ

# मर्मत सम्भारका लागि ध्यान दिनुपर्ने कुराहरू

- ट्युववेल जडान गरिएका प्रत्येक टोलमा ट्युववेलमा प्रयोग हुने एक सेट जगेडा सरसामान राख्ने गरौं ।
- कुनै पनि सामग्री बिग्रिने बित्तिकै त्यसलाई मर्मत गरेर प्रयोगमा ल्याऔं ।
- फेरिएको सामग्रीको ठाउँमा तुरुन्त नयाँ ल्याई राख्ने गरौं ।
- ट्युववेलको प्रयोग गर्ने सबै घरपरिवारले जगेडा सामान खरिद गर्नलाई निश्चित मर्मतसम्भार कोष जम्मा गर्ने बानी बसालौं ।
- प्रत्येक हप्ता ट्युववेलको नट बोल्ट खोलेर नटबोल्ट र त्यसको प्वालमा ग्रिज लगाऔं र फेरि त्यही ठाउँमा राम्रोसँग कसौं ।
- ढुङ्गा वा अन्य वस्तु ट्युववेल भित्र नहालौं र यदि पसेमा त्यस्तो वस्तुलाई निकालौं ।
- ट्युववेलको नियमित मर्मत सम्भारका लागि निश्चित व्यक्तिलाई जिम्मेवारी दिई स्याहार सम्भार कार्य गर्न र गराउन लगाऔं ।

*खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, सिरहा तथा संलग्न अनुसूचिअनुसार सिरहा जिल्लामा जम्मा ४५३८९ ट्युववेल छन् । जसमध्ये नेपाल नं ६ (रातो) ट्युववेल १४९१ वटा छन् ।*



फोटो : जीम हल्मस, वाटर एड

## धेरैजसो आवश्यक परिरहने निम्नलिखित जगेडा सामानहरू व्यवस्थित गरी राख्ने गरौं :

| | | | |
|---|---|---|---|
| **बकेट वासर (पानी तान्ने वासर)** |  | **जिब्री** |  |
| **जिब्री थिच्ने फलाम** |  | **पानी तान्ने डण्डी** |  |
| **बेस प्लेट** |  | **ढक्कन** |  |
| **ह्याण्डल तथा ह्याण्डलको बोल्ट** |  | **पाइप रेन्च** |  |

## नेपाल नं. ६ ट्युववेलका जगेडा सरसामान पाइने ठाउँहरू

| पसलको नाम | सम्पर्क व्यक्ति | ठेगाना | टेलिफोन | पाइने सामग्रीहरु |
|---|---|---|---|---|
| चिरञ्जीवी डार्डवेयर | हरि साह | लहान नगरपालिका-१ | ०३३-५६०९३६ | नेपाल नं. ६ ट्युवेल तथा इण्डियन III का जेगडा सामानहरु |
| नायक हार्डवेयर | फूलेश्वर नायक | गोलबजार | ०३३-५४००५३ | ट्युववेलका जगेडा सामानहरु |
| साह आइरन स्टोर | लीलाराम साह | छपरारीचोक, धनगढी-१ | ०३३-५६१८१७ | ट्युववेलका जगेडा सामानहरु |
| भावना एण्ड दौलत | वसन्तकुमार साह | लहान नगरपालिका-१ | ०३३-५६०३९५ | नेपाल नं. ६ ट्युववेलका जगेडा सामानहरु |
| जगदम्बा हार्डवेयर | सुशील अग्रवाल | लहान नगरपालिका-१ | ०३३-५६०१६० | पम्प बडी उपलब्ध छ |
| सुबास हार्डवेयर | रामप्रकाश यादव | सिरहा, माडर | ०३३-५२०३४९ | ट्युववेलका जगेडा सामानहरु |
| जीतेन्द्र हार्डवेयर | अशोक अग्रवाल | विराटनगर, मोरङ | ०२१-५३०९२५ | नेपाल नं ६ ट्युववेलका जगेडा सामानहरु |

# सिरहा जिल्लामा नेपाल नं. ६ (रातो) ट्युववेल जडान गरिएका खानेपानी आयोजनाहरूको विवरण

| स्थानीय संस्थाको नाम | आयोजना | गाविस | वडा | घरधुरी | लाभान्वित संख्या | ट्युववेल | सहयोगी संस्था |
|---|---|---|---|---|---|---|---|
| जनज्योति युवा क्लब | असनपुर | असनपुर | ६ बाहेकसबै | ७४९ | ३६६१ | ४७ | नेवा, पू.क्षे.का. |
| ग्रामीण महिला जागरण केन्द्र | आसोपुर | आसोपुर बल्कवा | १ देखि ९ | ३८४ | १७८१ | ४२ | नेवा, पू.क्षे.का. |
| इसीसीए | भुल्के | बडहरनाल | ५ | १० | ४० | | नेवा, पू.क्षे.का. |
| सा.कि.वि.आ., बन्दीपुर | बन्दीपुर | बन्दीपुर | | ८२२ | ५१०० | ५१ | नेवा, पू.क्षे.का. |
| ग्रामीण महिला जागरण केन्द्र | बर्छवा | बर्छवा | १ देखि ९ | ७१० | ३३४१ | ७१ | नेवा, पू.क्षे.का. |
| सा.कि.वि.आ., बस्तीपुर | बस्तीपुर | बस्तीपुर | | १८५४ | ११५०० | ११५ | नेवा, पू.क्षे.का. |
| सा.कि.वि.आ., महनौर | बेतौना/महानौर | बेतौना/महनौर | १ देखि ९ | ६०० | २८०७ | ८१ | नेवा, पू.क्षे.का. |
| ग्रामसेवी समूह लहान | भदैया | भदैया | १ देखि ९ | ५०२ | २६६७ | ४९ | नेवा, पू.क्षे.का. |
| सा.कि.वि.आ., भगवानपुर | भगवानपुर | भगवानपुर | १ देखि ४, ७ | २२२ | १०३७ | २४ | नेवा, पू.क्षे.का. |
| सा.कि.वि.आ., भगवानपुर | भगवानपुर | भगवानपुर | | ३२० | २४१८ | ६४ | नेवा, पू.क्षे.का. |
| भवानी युवा क्लब | भवानीपुर | भवानीपुर | १ देखि ९ | ५७२ | २९१५ | ५० | नेवा, पू.क्षे.का. |
| सिर्जना क्लब | चन्द्रअयोध्यापुर | चन्द्रअयोध्यापुर | ५ देखि ९ | ३७१ | १८२५ | ३३ | नेवा, पू.क्षे.का. |
| सा.कि.वि.आ., छप्रारी | धनगढी | धनगढी | १,२,५,८,९ | २५२ | ११८६ | ३० | नेवा, पू.क्षे.का. |
| ग्रामदेवी समूह लहान | ढोढना | ढोढना | ६ देखि ९ | ३५३ | १८३६ | ४२ | नेवा, पू.क्षे.का. |
| दलित महिला संघ | रामपुरा | फूलबरिया | १,२,९ | २२९ | १०५८ | २३ | नेवा, पू.क्षे.का. |
| दलित महिला संघ | फूलबरिया | फूलबरिया | ३ देखि ८ | ९४९ | ५१११ | ६३ | नेवा, पू.क्षे.का. |
| दलित महिला संघ | गौतडी | गौतडी | १ देखि ७ | १६२ | ७५३ | २२ | नेवा, पू.क्षे.का. |
| त्रिशक्ति युवा क्लब, लहान | तारेगाना | गोविन्दपुर तारेगाना | ६ देखि ९ | ४६३ | २१५६ | ४९ | नेवा, पू.क्षे.का. |
| निसहाय सहयोग समिति | इटहर्वा | इटहर्वा | ७ देखि ९ | २१९ | १३४७ | २८ | नेवा, पू.क्षे.का. |
| दलित महिला संघ | कर्जनहा | कर्जनहा | १ देखि ४ | ३७५ | १९२५ | २८ | नेवा, पू.क्षे.का. |
| सा.कि.वि.आ., लक्ष्मीपुर | लक्ष्मीपुर | लक्ष्मीपुर/विष्णुपर | | १४१९ | ८८०० | ८८ | नेवा, पू.क्षे.का. |
| सा.कि.वि.आ., महनौर | महनौर | महनौर | १ देखि ९ | ७०६ | ४३८१ | ३५ | नेवा, पू.क्षे.का. |
| सा.कि.वि.आ., महनौर | महनौर उत्थान | महनौर | १,४, ८ | १६४ | १०२८ | ४ | नेवा, पू.क्षे.का. |
| निसहाय सहयोग समिति | नहरारिगल ॥ | नहरारिगल | ४ देखि ९ | २८२ | १४४७ | ३६ | नेवा, पू.क्षे.का. |
| निसहाय सहयोग समिति | नहरारिगल । | नहरारिगल | १ देखि४ | ३०० | २२११ | ३९ | नेवा, पू.क्षे.का. |
| सा.कि.वि.आ., पडरिया | पडरिया | पडरिया | १ देखि ९ | ९८८ | ६९४८ | ८५ | नेवा, पू.क्षे.का. |
| सिर्जना युवा क्लब | पडरिया | पडरिया | १ देखि ९ | ३०५ | २०५७ | | नेवा, पू.क्षे.का. |
| भवानी एकीकृत विकास केन्द्र | पोखरभिण्डा | पोखराभिण्डा | १ देखि ९ | ३९३ | २०१२ | ४७ | नेवा, पू.क्षे.का. |
| भवानी एकीकृत विकास केन्द्र | | सिसवनी | १ देखि ९ | | | ४० | जि.खा.पा, लहान |
| भवानी एकीकृत विकास केन्द्र | | मौवाही | १ देखि ९ | | | ३४ | जि.खा.पा, लहान |
| भवानी एकीकृत विकास केन्द्र | | कलाबञ्जर | १ देखि ९ | | | ४९ | जि.खा.पा, लहान |
| भवानी एकीकृत विकास केन्द्र | | फूलकहाकट्टि | ६ र ७ | | | ३६ | फण्ड बोर्ड |
| भवानी एकीकृत विकास केन्द्र | | बलही | २, ३ र ४ | | | ३६ | फण्ड बोर्ड |
| भवानी एकीकृत विकास केन्द्र | | भवानीपुर (प्र.धं) | १ देखि ९ | | | ५० | फण्ड बोर्ड |
| कुल | २८ | | | १४६७५ | ८३३४८ | १४९१ | |

## थप जानकारीका लागि सम्पर्क ठेगानाहरू

- ☞ नेपाल स्वास्थ्यको लागि पानी (नेवा) पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर, पो.ब. : १४६, विराटनगर, टेलिफोन नं. : ०२१-५२७९१२,
- ☞ जिल्ला विकास समितिको कार्यालय, सिरहा, माडर फोन नं ५२००१६
- ☞ खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, लहान फोन नं ५६०१३५
- ☞ भवानी एकीकृत विकास केन्द्र, भवानीपुर - ४ फोन नं. ५६१७८९
- ☞ नेपाल रेडक्रस सोसाइटि जल्ला शाखा सिरहा फोन नं. ५२०७१८

*भाद्र २०६२ (अगष्ट २००५) WATSAN-RCNN Product*